STUDY IN ABROAD
AUSTRALIA I NEW ZEALAND
UK I USA I CANADA
IELTS I OET I PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क ३४२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ पुस १८ गते आइतबार ❑ 2 Jan. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रु. २।-

## पार्टीमा रुपान्तरण ल्याउन सकिएन : वरिष्ठ नेता पौडेल

**पोखरापत्र संवाददाता**
**दमौली, १७ पुस**

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले पार्टीमा रुपान्तरण ल्याउन नसकिएको बताउनुभएको छ।

नेपाली कांग्रेस तनहुँ क्षेत्र नम्बर २ को शनिबार खैरेनीटारमा आयोजित पदस्थापन कार्यक्रममा वरिष्ठ नेता पौडेलले पार्टीमा नयाँ रुपान्तरण ल्याउने अभियानमा लागे पनि अन्तिममा आएर उक्त प्रयास पूरा हुन नसकेको बताउनुभयो। "पार्टीमा नयाँ रुपान्तरण ल्याउनुपर्छ भनेर धेरै प्रयास गर्‍यौं तर केही साथीहरूका व्यक्तिगत आकाङ्क्षाका कारण पूरा हुन सकेन", पौडेलले भन्नुभयो। वरिष्ठ नेता पौडेलले १४औं महाधिवेशनले आफूले उठाएका रुपान्तरणको प्रश्नको उत्तर दिनुपर्नेमा जोड दिनुभयो । "सबै साथीहरू उठ्छौं भनेपछि म प्रतिस्पर्धाबाट अलग रहे, उहाँहरूकै अनुरोधमा म प्रतिस्पर्धामा गइन", उहाँले भन्नुभयो, "१४औं महाधिवेशनले मैले उठाएको प्रश्नको उत्तर आएको छैन ।" वरिष्ठ नेता पौडेलले पार्टीमा जनताको आकर्षण बढाउन लाग्नुपर्नेमा सुझाव दिनुभयो।

कांग्रेस जनताको बीचमा अपमानित भएको गुनासो गर्दै उहाँले पार्टीलाई सम्मानित बनाउनु आजको आवश्यकता रहेको तर्क गर्नुभयो । देशको संसद्ले गति लिन नसकेको बताउँदै उहाँले जनताको जल्दाबल्दा समस्यामा सदनमा छलफल हुन नसकेको धारणा राख्नुभयो । सदनलाई व्यवस्थित र प्रभावकारी बनाउन पहल गर्नुपर्नेमा पौडेलले जोड दिनुभयो।

उहाँले मिलेनियम च्यालेन्ज कर्पोरेसन्स एमसीसी पारित गर्नुपर्ने बताउनुभयो। पौडेलले एमसीसी राष्ट्रघाती भएको भन्दै भ्रममा पार्न खोजिएको जिकिर गर्नुभयो । कार्यक्रममा तनहुँ क्षेत्र नम्बर २ का सभापति चुडामणि खनालले पदस्थापन गर्नुभएको छ।

## राष्ट्रिय आविष्कार केन्द्रलाई श्रीपति समाजसेवा पुरस्कार

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ पुस**

विज्ञान प्रविधिका क्षेत्रमा क्रियाशील राष्ट्रिय आविष्कार केन्द्र काठमाडौंलाई 'श्रीपति समाजसेवा पुरस्कार-२०७८' बाट पुरस्कृत गरिएको छ । पुरस्कारको राशि रु दुई लाख २२ हजार २२२ रहेको छ।

पोखरा महानगरपालिका-९ महेन्द्रपुलमा रहेको श्रीपति कोइराला गुठीले स्थापना गरेको सो पुरस्कार संस्थाको २९औं वार्षिक साधारणसभाका अवसरमा आज केन्द्रका प्रमुख महावीर पुनलाई हस्तान्तरण गरिएको हो । नेपाल प्रज्ञा प्रतिष्ठानका उपकुलपति प्रा डा जगमान गुरुङले पुरस्कार प्रदान गर्नुभयो।

उपकुलपति गुरुङले व्यक्ति मर्यादित भए समुदाय मर्यादित हुने र समुदाय मर्यादित भए राष्ट्र मर्यादित हुने बताउनुभयो। श्रीपति कोइराला गुठीले धर्म, संस्कार र संस्कृति संरक्षणमा खेलेको भूमिकाको उहाँले प्रशंसा गर्नुभयो । सम्मानित संस्था आविष्कार केन्द्रका प्रमुख पुनले देशको अर्थतन्त्र सुधार गर्न आवश्यक रहेको बताउनुभयो। उहाँले सबै नेपालीले सिर्जनशीलतामा जोड दिनुपर्ने र प्रविधिको विकासका लागि अनुसन्धानमूलक कार्यलाई प्राथमिकता दिनुपर्ने खाँचो औंल्याउनुभयो। केन्द्रको उद्देश्य प्रतिभा खोजेर

बाँकी अन्तिम पृष्ठमा ▶▶

## माओवादी नेतृत्व चयन आइतबार

**रासस**
**काठमाडौं, १७ पुस**

केन्द्रीय समितिको निर्वाचनका लागि सबै प्रक्रिया अगाडि बढाएको नेकपा (माओवादी केन्द्र)को बन्दसत्रको कार्यक्रम आइतबार मध्याह्न एक बजेसम्मका लागि स्थगन भएको छ। यससँगै माओवादीको महाविधेशन पुनः एक दिन लम्बिएको छ।

अघिल्लो आइतबार उद्धाटन गरिएको महाधिवेशन सात दिनसम्म पनि जारी रहेको छ । शनिबार साँझ निर्वाचनको प्रक्रिया सुरु भए पनि सहमतिका आधारमा केन्द्रीय समिति चयन गर्ने भन्दै पुनः स्थगन गरिएको छ। शनिबार साँझ मात्रै माओवादीको निर्वाचन आयोगले उम्मेदवारको मनोनयनलगायत निर्वाचन कार्यतालिका सार्वजनिक गरेको थियो। महाधिवेशनस्थल कमलादीमा शनिबार साँझको बन्दसत्रलाई सम्बोधन गर्नुहुँदै अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले सहमतिका आधारमा केन्द्रीय समिति चयनका लागि राम्रो गृहकार्य भएको र थप गृहकार्य गर्नुपर्ने भएकाले बन्दसत्र आइतबारसम्मका लागि स्थगन गर्ने प्रस्ताव गर्नुभयो।

अध्यक्षले गर्नुभएको प्रस्तावलाई बन्दसत्रले स्वीकार गर्दै सबै प्रक्रिया भोलिसम्मका लागि स्थगन गरिएको केन्द्रीय प्रचार तथा प्रकाशन समितिले प्रेस विज्ञप्तिमार्फत जानकारी दिएको छ। त्यसअघि शनिबारको बन्दसत्र अपराह्न १ बजेदेखि सुरु भएको थियो । बन्दसत्रमा स्थायी कमिटी सदस्य देवप्रसाद गुरुङले विधान मस्यौदामाथि समूहगत छलफलबाट आएका सुझाव र उठेका जिज्ञासामाथि जवाफ दिनुभएको थियो । उहाँले सुझाव समेटेर विधान परिमार्जन गर्ने र त्यसलाई आगामी केन्द्रीय समितिले अन्तिम रूप दिने जानकारी गराउनु भएपछि सर्वसहमतिले पारित गरेको थियो। नयाँ विधानअनुसार अब पार्टीको केन्द्रीय कमिटी ५० प्रतिशत खुला र ५० प्रतिशत पूर्ण समानुपातिक रहने व्यवस्था गरिएको छ। केन्द्रीय कमिटी २९९ सदस्यीय हुनेछ । यसअघि केन्द्रीय कमिटीले १० प्रतिशत मनोनित गर्ने भनिएकामा बढाएर १५ प्रतिशत बनाइएको छ । महाधिवेशनले केन्द्रीय कमिटी, केन्द्रीय कमिटीले पोलिटव्यूरो, स्थायी कमिटी र पदाधिकारी चयन गर्ने व्यवस्था गरिएको छ। पोलिटव्यूरो, स्थायी कमिटी र पदाधिकारी समावेशी सिद्धान्तका आधारमा चयन हुने प्रावधान राखिएको छ।

गत आइतबार उद्धाटन गरिएको माओवादीको आठौं महाधिवेशनमा सोमबार अध्यक्ष प्रचण्डले राजनीतिक प्रतिवेदन र नेता गुरुङले विधान प्रस्तुत गर्नुभएको थियो । मङ्गलबार र बुधबार अपराह्नसम्म समूहगत छलफल चलाइएको थियो । समूहगत छलफलका लागि विभिन्न २५ समूह बनाइएको थियो । बुधबार र बिहीबार समूहगत छलफलका क्रममा उठेका विषयवस्तुमाथि टोली नेताले धारणा राखेका थिए । एक जनाका लागि १५ मिनेटको समय निर्धारण गरिएको थियो। शुक्रबार अध्यक्ष प्रचण्डले समूहगत छलफलका क्रममा उठेका जिज्ञासालाई सम्बोधन गर्नुभएको थियो।

## देशका निम्ति काम गर्ने प्रण गरेका छौं : अध्यक्ष नेपाल

**पोखरापत्र संवाददाता**
**दमौली, १७ पुस**

नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालले देशका निम्ति इमान्दारितापूर्वक काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ।

तनहुँको भानु नगरपालिका-३ स्थित बौद्ध हिमाल तामाङ गुम्बाले आज आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष नेपालले एकीकृत समाजवादी पार्टी गठनसँगै युवा, महिला, आदिवासी, जनजाति उत्साहित भएको बताउनुभयो।

"इमान्दारिता र जनताप्रति समर्पणको भावनाबाट ओतप्रोत भएको पार्टी जन्मिदा सबै उत्साहित भएका छन्", पूर्वप्रधानमन्त्रीसमेत रहनुभएका नेपालले भन्नुभयो, "हाम्रो पार्टी नेपालको राजनीतिमा तारा जस्तै चम्किन्छ ।" अध्यक्ष नेपालले गोरखा, लमजुङ र गोरखालाई एकीकृत गरी ठूलो सहर बनाउनेतर्फ छलफल भएको उल्लेख गर्दै भन्नुभयो, "तीनवटै जिल्लाको एकीकृत विकासका लागि सरकारको ध्यानाकर्षण गराउँछु ।" अध्यक्ष नेपालले समाजवादको बाटोमा अगाडि बढेर देशलाई समृद्धिको दिशामा हिँडाउने सङ्कल्प लिएको बताउनुभयो । न्याय, समानता, विकास र समृद्धिको बाटोमा अगाडि बढेर सबैले सम्मान गर्ने वातावरण सिर्जना गर्ने वातावरण बनाउने बताउँदै उहाँले भन्नुभयो, "गरिबी, अभाव, पछौटेपन अन्त्य, बेरोजगारी अन्त्य, कृषिको विकास, किसानको जीवनस्तर सुधारेर देशलाई अगाडि बढाउने सङ्कल्प लिएका छौं।"

कार्यक्रममा श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठले यस क्षेत्रको विकासका लागि बजेट विनियोजन गराउने प्रतिबद्धता व्यक्त गर्नुभयो । एकीकृत समाजवादीका लागि जनता ठूलो भएकाले जनतालाई शिरमा राखेर काम गर्ने मन्त्री श्रेष्ठले बताउनुभयो।

## महाधिवेशनको तयारीमा जुट्यो प्रेस चौतारी, १७ उपसमिति गठन

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ पुस**

प्रेस चौतारी नेपाल आगामी माघ २२ र २३ गते पोखरामा हुने नवौं राष्ट्रिय महाधिवेशनको तयारीमा जुटेको छ । गत साता लुम्बिनी बैठकले नवौं महाधिवेशन पोखरामा गर्ने निर्णय गरेको थियो।

पोखरामा शनिबार महाधिवेन मूल व्यवस्थापन कमिटिको बैठक बसेर तयारी थालेको हो । मूल संयोजक गणेश पाण्डेको अध्यक्षतामा बसेको बैठकले विभिन्न १७ उपसमिति पनि गठन गरेको छ।

कास्की शाखाका संस्थापक अध्यक्ष पूण्य पौडेलको संयोजकत्वमा आर्थिक सहयोग संकलन उपसमिति, शाखाका निवर्तमान अध्यक्ष एवं केन्द्रीय सदस्य माधव बरालको संयोजकत्वमा भोजन व्यवस्थापन उपसमिति, केन्द्रीय सदस्य दीपेन्द्र श्रेष्ठको संयोजकत्वमा आवास व्यवस्थापन उपसमिति गठन गरिएको छ । यस्तै, प्रचारप्रसार उपसमितिको नेतृत्व चौतारी कास्कीका सचिव रञ्जन अधिकारीलाई दिइएको छ । मञ्च व्यवस्थापन उपसमितितर्फ केन्द्रीय सदस्य रामजीप्रसाद लम्साल, अतिथि




सत्कार उपसमितिमा केन्द्रीय सदस्य सुष्मा पौडेल, जनसंगठन समन्वय उपसमिति संयोजकमा श्याम कुँवर र स्वयंसेवक परिचालन उपसमिति संयोजकमा केन्द्रीय सदस्य एमबी आस्था मगरलाई चयन गरिएको छ । यसैगरी, सांस्कृतिक उपसमितिको जिम्मेवारी केन्द्रीय सदस्य रुद्र श्रीष मगरलाई, स्वास्थ्य उपसमितिको नेतृत्व केन्द्रीय सदस्य जमुना वर्षा शर्मालाई, यातायात व्यवस्थापन उपसमितिको संयोजक केन्द्रीय सदस्य कञ्चन थापालाई बनाइएको छ । दृश्यावलोकन व्यवस्थापन उपसमितिको संयोजकमा केन्द्रीय सदस्य हरि बाँस्तोला, प्रभातफेरि व्यवस्थापन उपसमितिमा केन्द्रीय सदस्य खेम सारु मगर, स्वागतद्वार निर्माण उपसमिति संयोजकमा केन्द्रीय सदस्य आरजु बिष्ट सल्यानी, बुलेटिन प्रकाशन उपसमिति संयोजकमा संयोजक केन्द्रीय सदस्य स्मीता अधिकारीलाई जिम्मा दिइएको छ । आकस्मिक समन्वय उपसमितिको संयोजकमा कास्की शाखाका सहसचिव ईश्वर देवकोटा र अनुगमन उपसमितिको संयोजकमा अग्रज पत्रकार बद्री बिनोद प्रतीकलाई चयन गरिएको छ। यस्तै, कास्की शाखाका सल्लाहकार एवं केन्द्रीय लेखा आयोगका सचिव केशव पाठकको नेतृत्वमा सचिवालय गठन गरिएको छ। सचिवालयमा अध्यक्ष अर्जुन गिरी, सचिव रञ्जन अधिकारी सदस्य छन् । उपसमितिका संयोजकले एक हप्ताभित्रमा समितिलाई पूर्णता दिई कार्ययोजना प्रस्तुत गर्नेछन्।

यसै गरी नेकपा (एमाले) का उपमहासचिव पृथ्वीसुब्बा गुरूङले प्रेस चौतारी सबै पत्रकारको अगुवा संगठन भएकाले पार्टीको लागि चौतारीको महाधिवेशन महत्वपूर्ण विषय रहेको बताएका छन् । महाधिवेशन तयारीको सन्दर्भमा आयोजित कास्की जिल्ला भेलामा बोल्दै केन्द्रीय प्रचार विभाग प्रमुख एवं प्रेस चौतारी नेपालका इञ्चार्ज समेत रहेका गुरुङले चौतारीको यो महाधिवेशन चुनौती र अवसर दुवै रहेकाले भव्य र सभ्य रुपमा सम्पन्न गर्न आयोजक र स्थानिय व्यवस्थापन टीमलाई सुझाए।

महाधिवेशनबाट संगठनात्मक अराजकता अन्त्य गर्ने विश्वास मैले लिएको छु । महाधिवेशनले राजनीतिक सन्देश पनि दिनछ । विचार, संगठन र व्यवहारमा प्रेस चौतारी अग्रभागमा रहनेछ। गुरुङले भने - म प्रचार विभाग प्रमुख रहुन्जेल चौतारीसँग निकट रहेर पार्टीको प्रचारप्रसारको काममा सहकार्य हुनेछ। पार्टीको नेतृत्वमा भएका राम्रा कामहरुको चौतारीले प्रचारप्रसार गर्नुपर्नेछ। महाधिवेशन मूल व्यवस्थापन संयोजक गणेश पाण्डेले सबैको साथ र सहयोगले पोखरामा पहिलोपटक हुन लागेको महाधिवेशनसफलतापूर्वकसम्पन्न हुने विश्वास लिए।

हार्दिक बधाई



श्री हरिभक्त पौडेल

यस **फेवा बचत** तथा ऋण सहकारी संस्था लि. का प्रमुख कार्यकारी अधिकृत **हरिभक्त पौडेल** कास्की बचत तथा ऋण सहकारी संघ लि. को २१ औं वार्षिक साधारण सभाबाट कास्की जिल्ला भरिका बचत तथा ऋण सहकारी संस्थाका प्रमुख कार्यकारी अधिकृत प्रबन्धक मध्यबाट उत्कृष्ट भई **राईफाईसन सहकारी अवार्ड** बाट सम्मानित हुनु भएकोमा **हार्दिक बधाई** ज्ञापन गर्दै उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौं।

क्या. चन्द्र प्रसाद गुरुङ
अध्यक्ष एवं
**फेवा बचत** तथा ऋण सहकारी संस्था लि. परिवार
जिरो कि. मि., पोखरा-५

